जिल्ला विपद् व्यवस्थापन समिति (DDMC), २०८०

बैठक संख्या ०४ (२०८०/८१)

मिति २०८० मंसिर २० गते बुधबार जिल्ला प्रशासन कार्यालय, रसुवाको सभाहलमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १६ बमोजिम जिल्ला विपद् व्यवस्थापन समिति, रसुवाका अध्यक्ष एवम् प्रमुख जिल्ला अधिकारी, श्री वेदनिधि खनालज्यूको अध्यक्षतामा तपशिल बमोजिमका सरोकारवालाहरूको उपस्थितिमा जिल्ला विपद् व्यवस्थापन समिति(DDMC), रसुवाको बैठक बसी निम्नानुसारका निर्णयहरू गरियो।

**उपस्थितिः**

जिल्ला समितिः

| हस्ताक्षर | नाम, थर | दर्जा | कार्यालय/निकाय | पद |
|---|---|---|---|---|
| | श्री वेदनिधि खनाल | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय | अध्यक्ष |
| | श्री बिजय लामा | उप-प्रमुख | जिल्ला समन्वय समिति | सदस्य |
| | श्री चमेली गुरूङ | का.वा.अध्यक्ष | उत्तरगया गाउँपालिका | सदस्य |
| | श्री चण्डिका तामाङ | उपाध्यक्ष | आमाछोदिङ्मो गाउँपालिका | सदस्य |
| | श्री अणनाथ बराल | वरिष्ठ संरक्षण अधिकृत | लामटाङ राष्ट्रिय निकुञ्ज कार्यालय | सदस्य |
| | श्री विक्रम थापा | प्रमुख सेनानी/गणपति | श्री विष्णुदल गण, ब्राबल ब्यारेक | सदस्य |
| | श्री सुमन थापा | स.प्रहरी नायब उपरीक्षक | स.प्र.ब. नेपाल नं. २० गुल्म हे.क्वा. | सदस्य |
| | श्री मोहन प्रसाद आचार्य | प्रमुख अनुसन्धान अधिकृत | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | सदस्य |
| | श्री नेत्र प्रसाद पौडेल | प्रहरी निरीक्षक | जिल्ला प्रहारी कार्यालय, रसुवा | सदस्य |
| | श्री कर्ण बहादुर बुढाथोकी | इकाई प्रमुख | शिक्षा विकास तथा समन्वय इकाई | सदस्य |
| | ई.विशाल भण्डारी | ईन्जिनियर | सडक डिभिजन, नुवाकोट | सदस्य |
| | ई.अमरमान श्रेष्ठ | ईन्जिनियर | गल्छी त्रिशुली मैलुङ स्याफ्रुवेशी रसुवागढी सडक योजना, नुवाकोट | सदस्य |
| | ई.रामरतन शाह | ईन्जिनियर | पूर्वाधार विकास कार्यालय, नुवाकोट | सदस्य |
| | ई.उत्तमराज जोशी | ईन्जिनियर | सघन शहरी तथा भवन निर्माण आयोजना, धादिङ(फिल्ड कार्यालय रसुवा) | सदस्य |
| | डा.अमित कुमार साह | मि.मेडिकल सुपरिटेन्डेन्ट | रसुवा अस्पताल | सदस्य |
| | ई.गोविन्द प्रसाद भुर्तेल | सव-डिभिजन प्रमुख | जलस्रोत तथा सिंचाई विकास स.डि.का. | सदस्य |
| | श्री भिमसागर गुराँगाई | कार्यालय प्रमुख | स्वास्थ्य कार्यालय | सदस्य |

| | | | | |
|---|---|---|---|---|
| | श्री प्रमोद तितुङ | महासचिव | रसुवा चेम्बर अफ कमर्श | सदस्य |
| | श्री लोकेन्द्र ज्ञवाली | स.प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय | सदस्य सचिव |
| | **अन्य उपस्थितिः** | | | |
| | श्री वृहस्पति तामाङ | कार्यालय प्रमुख | घरेलु तथा साना उद्योग कार्यालय, रसुवा | |
| | श्री मिलन समपकोटा | ~~सहायक~~ संरक्षण अधिकृत | लाङटाङ राष्ट्रिय निकुञ्ज कार्यालय, रसुवा | |
| | श्री दिपक प्रसाद अधिकारी | प्रमुख प्रशासकीय अधिकृत | उत्तरगया गाउँपालिकाको कार्यालय | |
| | श्री कृष्ण बहादुर बि.क. | अधिकृत/विपद् फोकल | गोसाईकुण्ड गाउँपालिकाको कार्यालय | |
| | श्री वाचस्पति सुनुवार | लेखा अधिकृत | श्री कालिका गाउँपालिका, धैबुङ | |
| | श्री सन्तोष तिम्सिना | फरेष्टर | डिभिजन वन कार्यालय, रसुवा | |
| | श्री सुष्मा न्यौपाने | ~~जिल्ला समन्वयकर्ता~~ परियोजना संयोजक | सामुदायिक आत्म निर्भर सेवा केन्द्र(प्रतिवद्ध) | |
| | श्री विनोद सुनार | फिल्ड संयोजक | सामुदायिक आत्म निर्भर सेवा केन्द्र(प्रतिवद्ध) | |
| | श्री अशोक कुमार चौधरी | कम्प्युटर अपरेटर | जिल्ला प्रशासन कार्यलय, रसुवा | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

निर्णयहरू:

१. जिल्लामा सम्भावित हिमपात र वनडढेलोका बारेमा प्रमुख जिल्ला अधिकारी, लाङटाङ राष्ट्रिय निकुञ्जको कार्यालय र डिभिजन वन कार्यालयबाट प्रस्तुतीकरण गरियो । यसमा उपस्थित स्थानीय तहका प्रमुख र समितिका सदस्यहरूले आआफ्नो विचार व्यक्त गर्नु भयो ।

२. सम्भावित हिमपात प्रभावितहरूको विवरण तयार गरी पठाउन यस अघि जिल्ला प्रशासन कार्यालयबाट सबै स्थानीय तहमा पत्राचार गरिएकोमा उक्त विवरण हाल सङ्कलनकै क्रममा रहेको बुझिन आयो । हिमपात र चिसोबाट पर्न सक्ने प्रभावलाई न्यूनीकरण गर्न मुख्य रूपले देहायका विषयहरू समेट्ने गरी कार्यहरू सबै स्थानीय तहले गर्ने गराउने र सो कार्यमा अन्य सम्बन्धित निकायहरूले सहयोग गर्ने:

क. प्रभावित हुन सक्ने घरधुरी तथा क्षेत्र गाउँ/टोलका आर्थिक विपन्न तथा विपन्न घर परिवारको पहिचान गरी परिवारको लगत संकलन गर्ने।

ख. चिसोको कारण अधिक जोखिममा रहेका घरपरिवारका लागि हिमपातको समयावधिमा न्यानो कपडा, तातो सुप, सिरक डसना, इन्धन दाउरा र औषधी जस्ता सामग्री वितरण गर्ने व्यवस्था मिलाउने ।

ग. हिमपात, चिसो तथा शीतलहरबाट हुन सक्ने कृषिवाली र पशुपंछीको क्षतिलाई न्यूनीकरण गर्न आवश्यक बिमा, औषधी उपचार व्यवस्था मिलाउनका साथै यसबाट बच्ने उपाय सम्बन्धमा सन्देशमूलक सूचना प्रचार प्रसारको व्यवस्था मिलाउने।

घ. हिमपात तथा चिसोबाट सुरक्षित रहन संभावित आगलागी तथा निसासिने समस्याबाट बच्न सचेतना मूलक तथा सन्देश मूलक सूचना प्रचार प्रसार गर्ने गराउने ।

ङ. तत्कालिन राहत दिन र प्रतिकार्य गर्न पर्ने अवस्था श्रृजना भएमा सोको लागि रकम, सामग्री, उपकरणहरू र जनशक्ति तयारी हालतमा राख्ने ।

च. हिमपातबाट हुन सक्ने सडक अवरोध हटाउने र हिमपात एवं हुस्सुबाट हुन सक्ने सडक तथा अन्य दुर्घटना न्यूनीकरणका कार्यहरू गर्ने ।

३. हिमपातबाट हुने जोखिम न्यूनीकरण सम्बन्धि जिल्ला स्तरीय कार्य योजना, २०८० स्वीकृत गर्ने । सो अनुसार सबै सुरक्षा निकायहरू र जिम्मेवार निकायहरूले आवश्यक पूर्वतयारी गरी कार्यान्वयन गर्ने ।

४. वन डढेलो नियन्त्रण र जोखिम न्यूनीकरणका लागि सबै स्थानीय तह, राष्ट्रिय निकुञ्ज कार्यालय, वन कार्यालयले सहकार्य गर्ने, सुरक्षा निकायहरूले सहयोग गर्ने । जोखिमका घर बस्तीको समयमै पहिचान गरी उचित प्रवन्ध गर्ने गराउने ।

५. वनमा आगो लगाउने, हेलचेक्याइँ गर्नेहरूको सूचना तथा जानकारी लिई उनीहरूलाई कानूनको दायरामा ल्याउने । वन डढेलो बारेमा सचेतना सामग्री तयार गरी प्रचार प्रसार गर्ने गराउने ।

६. सम्भावित वन डडेलो नियन्त्रणका लागि निकुञ्ज, वन कार्यालयले जनशक्ति र सामग्री सहितको तयारी गर्ने, सबै सुरक्षा निकायहरूले आवश्यक पूर्वतयारी गर्ने । QRTs तयारी अवस्थामा राख्ने ।

७. हिमपात, वन डढेलो या अन्य जुनसुकै किसिमका विपद्को पूर्वसूचना, सूचनाको आदान प्रदान सबै निकाय एवं सरोकारवालाले गर्ने गराउने ।

८. विपद् लेखाजोखा मार्गदर्शन, २०७२ (संशोधन २०७८) बमोजिमका Initial Rapid Assessment (IRA) Team गठन गर्न स्थानीय विपद् व्यवस्थापन समितिलाई अनुरोध गर्ने ।

९. गोसाइकुण्ड गाउँपालिका वडा नं. ५ स्थित याङयाङ खोलामा रहेको ठूलो ढुङ्गा विस्तारै सडक तर्फ भासिँदै आएर सडकमा ठूला सवारी चल्दा ठोकिने घोटिने गरेको र ठूला यातायात तथा ढुवानीमा अवरोध गरिरहेको र भविष्यमा पुरै सडक अवरोध गर्ने संभावना समेत रहेकाले उक्त ढुंगा हटाउनु पर्ने देखिन्छ । सो हटाउन मेसिनबाट तत्काल सम्भव देखिँदैन । यसर्थ विष्फोटक पदार्थ प्रयोग गरी फूटाउनु पर्ने देखिएकाले सोका लागि सम्बन्धित निकायहरूमा पत्राचार र सहजिकरण गर्ने ।

१०. उत्तरगया गाउँपालिका वडा नं. ४ ढुंगेमा रहको पहिरोमा अवस्थित ठूलो ढुंगा विष्फोटनका लागि नेपाली सेनाबाट स्थलगत निरीक्षण भई तयार भएको प्रतिवेदन सम्बन्धि जानकारी भयो। सो प्रतिवेदनमा स्थानीय निकायले निर्वाह गर्नुपर्ने भूमिका कार्यान्वयन गर्न उत्तरगया गाउँपालिकाले विष्फोटनका लागि आवश्यक पर्ने स्रोत साधन व्यवस्थापनका लागि प्रकृया अगाडि बढाउने।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा